# वराहपोखरी गाउँपालिकाको विनियोजन विधेयक, २०७७

**(वराहपोखरी गाउँपालिकाको आर्थिक बर्ष २०७७/२०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन)**

**प्रस्तावनाः** वराहपोखरी गाउँपालिकाको आर्थिक बर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम वराहपोखरी गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः (१)** यस ऐनको नाम "वराहपोखरी गाउँपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन २०७७।०४।०१ बाट प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७७।०७८ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकार**ः (१)आर्थिक वर्ष २०७७।०७८ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु २८,३५,७९,५१०।०० (अक्षेरुपी अठाईस करोड पैतीस लाख उनासी हजार पाँच सय दश रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः (१)** यस विधेयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०७७।०७८ को निमित्त वराहपोखरी गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

**अनुसूची-१**
**(दफा २ संग सम्बन्धित)**
**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**
**संञ्चितकोषबाट विनियोजन हुने रकम**

रु.

| क्र.सं. | शीर्षकको नाम | चालु खर्च रु. | पूँजिगत खर्च रु. | वित्तिय व्यवस्था रु. | जम्मा रु. |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| १ | संघीय सरकार समानिकरण अनुदान | १,००,९५,०००।०० | ५,९१,०५,०००।०० | ६०,००,०००।०० | **७,५२,००,०००।००** |
| २ | संघीय सरकार राजश्व बाँडफाँट | ६,१९,५५,५१०।०० | ०।०० | ०।०० | **६,१९,५५,५१०।००** |
| ३ | संघीय सरकार सशर्त अनुदान | १२,२२,७५,०००।०० | ३५,२५,०००।०० | ०।०० | **१२,५८,००,०००।००** |
| ४ | प्रदेश सरकार समानिकरण अनुदान | ३७,९४,०००।०० | ३२,००,०००।०० | ०।०० | **६९,९४,०००।००** |
| ५ | प्रदेश सरकार सवारी साधन कर | ३०,३०,०००।०० | ०।०० | ०।०० | **३०,३०,०००।००** |
| ६ | प्रदेश सरकार सशर्त अनुदान | १,००,०००।०० | ०।०० | ०।०० | **१,००,०००।००** |
| ७ | समपूरक अनुदान | ०।०० | १,००,००,०००।०० | ०।०० | **१,००,००,०००।००** |
| ८ | गाउँपालिकाको आन्तरीक राजश्व अनुमानित | ५०००००।०० | ०।०० | ०।०० | **५,००,०००।००** |
| | **कूल जम्मा** | **२०,१७,४९,५१०।००** | **७,५८,३०,०००।००** | **६०,००,०००।००** | **२८,३५,७९,५१०।००** |

वराहपोखरी गाउँपालिकाको गाउँसभाबाट पारित यो विधेयक (संख्या ३, जम्मा पृष्ठ संख्या २) नेपालको संविधानको धारा २२६ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा २१ को उपदफा (१) बमोजिम प्रमाणिकरण गर्दछु ।

**...........................**
**शालिकराम बन्जारा**
**गाउँसभा अध्यक्ष**
**मिति : २०७७।०३।२५**